**अवधारणा {AWADHARANA}**
{A Peer-Reviewed Multidisciplinary, Open Access & NepJOL Indexed Journal}
Volume 9, 2025 {Print ISSN: 2505-080x}
Email: loktantrik066@gmail.com
URL: https://nepjol.info/index.php/awadharana
Copyrights: *Copyright 2025 Author/s and Creative Democrat Academy, Pokhara, Nepal. This work is licensed under a Creative Commons Attribution- Non Commercial* 4.0 International License
***Publisher***
*Creative Democrat Academy*

# जगन्नाथ रेग्मीका काव्यकृतिमा देशप्रेम

**डा. भूमिराज बस्ताकोटी {Dr. Bhumi Raj Bastakoti}**
कन्या क्याम्पस, पोखरा
{Kanya Campus, Pokhara}
**Article History:**
Received 14 July 2025, Reviewed 22 August 2025, Accepted 29 September 2025
**Corresponding Author:**
Bhumi Raj Bastakoti; Email: bhumiraj2036@gmail.com
ORCID ID : https://orcid.org/0009-0003-5648-4614
DOI : https://doi.org/10.3126/awadharana.v9i1.86192

## सार

प्रस्तुत लेख रेग्मीका काव्यकृतिमा देशप्रेमसँग सम्बन्धित रहेर तयार पारिएको छ । शास्त्रीयतावादी कवि रेग्मीका काव्यकृतिको मूल स्वर देशप्रेम रहेकाले यस्तो शीर्षक चयन गरिएको हो । वर्तमान सन्दर्भमा नवयुवाहरूको विद्रोहले सिर्जित परिस्थितिका कारण पनि यस्तो शीर्षक चयनले अर्थ राख्ने देखिएको छ । जगन्नाथ रेग्मीका काव्यकृतिमा देशप्रेम कसरी अभिव्यक्त भएको छ ? भन्ने मूल शोधप्रश्न लिएर यसमा अध्ययन गरिएको छ । काव्यकृतिमा प्रस्तुत देशप्रेमको भावलाई उद्घाटित गर्दै त्यसको विश्लेषण गर्नु यसको खास उद्देश्य हो । यसमा गुणात्मक अनुसन्धान ढाँचा चयन गरिएको छ र पाठविश्लेषण विधिको उपयोग गरिएको छ । विश्लेषणका सन्दर्भमा प्रयुक्त कवितांश तथा खण्डकाव्यांशको चयन सोद्देश्यमूलक नमुना छनोट विधिमार्फत गरिएको छ । देशप्रेम वैयक्तिक र अलि अमूर्त पक्ष रहेकाले रेग्मीका काव्यकृति सापेक्ष रही प्रकृतिचित्रण, देशनिर्माणका लागि आह्वान, अभिलाषा तथा प्रतिबद्धता, संस्कृतिको महिमागान, इतिहास र वैभवप्रति गर्व, विकृतिको चित्रणबाट समाजसुधारको अपेक्षा, सहअस्तित्वको भावना, महत् व्यक्तिको चित्रण, सीमारक्षा तथा बाह्य हस्तक्षेपको विरोधबाट देशप्रेमको भाव व्यक्त गरिएको छ भन्ने अवधारणात्मक आधार निर्माण गरिएको छ । यिनै आधारबाट विश्लेषण गर्दै रेग्मीले देशप्रेमको स्वरलाई कविताको मूल स्वर बनाएका छन् भन्ने निष्कर्ष यस शोधलेखमा प्रस्तुत गरिएको छ ।

**मुख्य पदपदावली :** देशप्रेम, प्रकृतिचित्रण, संस्कृतिको महिमागान, सहअस्तित्वको भावना, सीमारक्षा ।

## विषयपरिचय

जगन्नाथ रेग्मी (२०३५) मूलतः शास्त्रीयतालाई अवलम्बन गर्ने कवि हुन् । छन्दप्रयोग तथा भावगत दृष्टिले उनका कवितामा शास्त्रीयताको प्रस्तुति पाइन्छ । शास्त्रीय कविहरूले प्रकृतिचित्रण

तथा विभिन्न माध्यमबाट देशको यशोगान गाउने प्रवृत्ति प्राचीनकालदेखि नै रहिआएको छ । रेग्मीका कवितामा पनि मूलतः प्रकृतिचित्रण, देशनिर्माणका लागि आह्वान, सहअस्तित्वको भावना, प्रतिबद्धता, महत् व्यक्तिको चित्रण, विकृतिको चित्रणमार्फत सुधारको अपेक्षा, संस्कृतिको महिमागान आदि माध्यमद्वारा देशप्रेमको भाव अभिव्यक्त भएको पाइन्छ । उनका *अन्तरङ्गका तरङ्गहरू* (२०६४), *चारूचित्र* (२०७०) र *अन्तर्नाद* (२०७६) गरी तीन कवितासङ्ग्रह तथा *धवलागिरि* (२०७०) र *श्री श्रीधराचार्य* (२०७७) गरी दुई खण्डकाव्यमा देशप्रेमको भावना झल्किएको देखिन्छ ।

जगन्नाथ रेग्मीका काव्यकृतिमा देशप्रेमको भाव कसरी प्रकट भएको छ भन्ने प्रश्न यस अध्ययनको मूल समस्या हो । रेग्मीका काव्यकृतिमा विभिन्न रूपबाट अभिव्यक्त देशप्रेमको भावको विश्लेषण गर्नु यस अध्ययनको खास उद्देश्य हो ।

जगन्नाथ रेग्मीका उपर्युक्त तीन कवितासङ्ग्रह तथा दुई खण्डकाव्यका बारेमा केही शोधपत्र तथा लेखहरू प्रकाशित भएका देखिन्छन् । माधव घिमिरे (२०६४, २०६७, २०७६), ठाकुर पराजुली (२०६४), हनिफ मियाँ (२०६७), वेणीमाधव ढकाल (२०६७), विष्णुप्रसाद पौडेल (२०७०), मोदनाथ प्रश्रित (२०७०), टीकाराम अधिकारी (२०७०), सूर्य खड्का बिखर्ची (२०७२), श्रीधर सुवेदी (२०७३), सूर्यप्रसाद पौडेल (२०७५), षडानन्द पौड्याल (२०७६), सरूभक्त (२०७६), कृष्ण भण्डारी मुमुक्षु (२०७७), गोकर्ण अर्याल (२०७८), माधव वियोगी (२०८१), आदिले रेग्मीका काव्यकृतिका बारेमा चर्चा गरेका छन् । केही लेख तथा शोधपत्रमा देशप्रेमका बारेमा अलि अलि चर्चा गरिए पनि त्यस कोणबाट गहन विमर्श प्रस्तुत भएको नदेखिएकाले यसले अनुसन्धान रिक्ततालाई देखाएको छ । शास्त्रीय कविहरूमा देशप्रेमको भावना निकै प्रखर रूपमा आउने भएकाले त्यसको गहन विश्लेषण आवश्यक देखिएका हुँदा यस अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ । साथै भर्खरै (२०८२/०५/२३-२४) भएको नवयुवाहरूको विद्रोहले उत्पन्न परिवर्तित राजनीतिक अवस्थामा देशनिर्माणका लागि देशप्रेमको भावना आवश्यक भएका सन्दर्भमा यस लेखले त्यस्तो भावना जगाउने भएकाले पनि यसको औचित्य अझ बढी देखिएको छ ।

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ । यसमा मूलतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । देशप्रेमको विश्लेषणका लागि उपयोग गरिएका काव्यकृति तथा कवितांश सोद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरिएको हो । देशप्रेमबाहेक अन्य कुनै पनि कोणबाट रेग्मीका काव्यकृतिको विश्लेषण नगर्नु यस शोधलेखको सीमा हो ।

## शोधविधि

प्रस्तुत शोधकार्यका लागि निम्न विधि अवलम्बन गरिएको छ :

### सागग्री सङ्कलन विधि

प्रस्तुत शोधका लागि सामग्री सङ्कलनको स्रोत पुस्तकालयलाई बनाइएको छ । रेग्मीका काव्यकृति यस अध्ययनका लागि प्राथमिक सामग्री हुन् । पूर्वकार्यको समीक्षा तथा देशप्रेमको अवधारणा निर्माण गर्न लिएका पुस्तक, शोधपत्र, जर्नल तथा पत्रपत्रिकाहरू यस अध्ययनका लागि द्वितीयक सामग्री हुन् । तिनको सङ्कलन भौतिक तथा डिजिटल माध्यमबाट गरिएको छ ।

### विश्लेषणविधि

प्रस्तुत शोधकार्यमा मूलतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । कवि जगन्नाथ रेग्मीका काव्यकृतिमा प्रस्तुत देशप्रेमको भाव तथा देशप्रेमसम्बन्धी विद्वान्हरूका अवधारणालाई आधार

मान्दै विश्लेषणका आठ वटा आधार निर्माण गरिएको छ । तिनै आठ आधारलाई लिएर रेग्मीका काव्यकृतिबाट साक्ष्य प्रस्तुत गरी तिनको वस्तुगत विश्लेषण यहाँ गरिएको छ । सन्दर्भाङ्कनका सन्दर्भमा एपिए (सातौँ संस्करण) शैलीलाई नेपाली अनुकूलनसहित प्रयोग गरिएको छ ।

**अवधारणात्मक आधार**

देश भन्नाले निश्चित ठाउँ वा स्थान भन्ने बुझिन्छ । नेपाली बृहत् शब्दकोशले एकै प्रणालीको शासनअन्तर्गतको निश्चित भूभाग; राष्ट्र तथा चारैतिर फैलिई अनेकौँ गाउँ, सहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग; मुलुक भन्ने अर्थ दिएको छ । त्यही भूगोलको विकास तथा उन्नति चाहनु र त्यसलाई सम्मानभावले अङ्गीकार गर्नु नै देशप्रेम हो । देशप्रेम वैयक्तिक र अलि अमूर्त पक्ष रहेकाले काव्यकृति सापेक्ष रहेर यहाँ अवधारणात्मक आधार प्रस्तुत गरिएको छ ।

कवि जगन्नाथ रेग्मीका काव्यकृतिको अध्ययनबाट उनका रचनामा अभिव्यक्त भाव/विचारलाई आधार बनाएर यहाँ देशप्रेमसम्बन्धी अवधारणा निर्माण गरिएको छ । यद्यपि त्यसका लागि श्रीधर मजगैँया (२०७२) र यज्ञेश्वर निरौला (सन् २०२१, सन् २०२४) बाट केही सहयोग पनि लिइएको छ । कवि रेग्मीका काव्यकृतिको अध्ययनबाट मूलतः प्रकृतिचित्रण, देशनिर्माणका लागि आह्वान, अभिलाषा तथा प्रतिबद्धता, संस्कृतिको महिमागान, इतिहास र वैभवप्रति गर्व, विकृतिको चित्रणबाट समाजसुधारको अपेक्षा, सहअस्तित्वको भावना, महत् व्यक्तिको चित्रण, सीमारक्षा तथा बाह्य हस्तक्षेपको विरोधका माध्यमबाट देशप्रेम अभिव्यक्त भएको देखिन्छ । उपर्युक्त अवधारणाहरूको चर्चा काव्यकृतिको विमर्शका सन्दर्भमा तत्स्थानमा गरिएको छ ।

## विमर्श

जगन्नाथ रेग्मी शास्त्रीयतावादी कवि हुन् । उनका काव्यकृतिमा देशप्रेमको भाव अभिव्यक्त भएको छ । उनका तीन कवितासङ्ग्रह तथा दुई खण्डकाव्यको मूल स्वर नै देशप्रेम देखिएको छ । यद्यपि *श्री श्रीधराचार्य* खण्डकाव्य भक्तिरस प्रधान छ तर महत् व्यक्तिको स्तुति गाउनु पनि प्रकारान्तरबाट देशप्रेमकै भाव अभिव्यक्त गर्नु भएकाले पाँच वटै कृतिको मूल स्वर देशप्रेम मानिएको हो । उनका कृतिमा अभिव्यक्त देशप्रेमको विमर्श उपर्युक्त अवधारणका आधारमा यहाँ गरिएको छ :

**प्रकृतिचित्रण**

प्रकृतिचित्रण देशप्रेम प्रस्तुत गर्ने महत्त्वपूर्ण एउटा आधार हो । खासगरी शास्त्रीय कविहरूले प्राकृतिक सौन्दर्यको महिमा गाउँछन् र त्यस्तो प्रकृतिमा आफू बस्न पाएकामा धन्य भएको अभिव्यक्ति दिन्छन् ।

प्रकृतिचित्रणबाट मूलतः देशको भौगोलिक अवस्थाको जानकारी आम पाठकसम्म पुग्दछ । भूगोलका बारेमा थाहा पाएका वा थाहा नपाएका दुबै थरी पाठकहरू प्रकृतिको सौन्दर्य वर्णनबाट लाभान्वित हुन्छन् । वस्तु देखेर पनि त्यसको मूल्य थाहा नहुन सक्दछ । प्रकृतिको सौन्दर्यात्मक वर्णनले त्यसको मूल्य स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्दछ । अझ धार्मिक-सांस्कृतिक महत्त्वका स्थानको वर्णनले त्यसको सुप्रचारमा दीर्घकालसम्म महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । देशभित्रका नागरिकका लागि मात्र नभएर अन्तर्राष्ट्रिय रूपमा देशको भूगोल चिनाउन काव्यले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले प्रकृतिचित्रणबाट कविले देशप्रेम नै अभिव्यक्त गरिरहेको हुन्छ ।

कवि जगन्नाथ रेग्मीका काव्यकृतिमा प्रकृतिको सुन्दर चित्रण गरिएको देखिन्छ । उनका तीन कवितासङ्ग्रहका विभिन्न कविता तथा दुई खण्डकाव्यमा प्रकृतिको आकर्षक चित्रण गरिएको छ । प्रकृतिको सौन्दर्य पक्षको मात्र नभई धार्मिक-सांस्कृतिक महत्त्वका स्थानको वर्णन पनि उनका काव्यमा भएको पाइन्छ । साक्ष्यका रूपमा यहाँ केही कवितांश र खण्डकाव्यांश प्रस्तुत गरिएको छ :

दैवी शोभा झलमल भई झल्झली झल्किएको ।
देख्छौँ हामी हिमगिरि जहाँ नित्यशः चम्किएको ॥
पोखी कैल्यै पनि नसकिने पोखराको प्रकर्ष ।
बुझ्दै जाँदा मनभरि अहो हुन्छ आनन्द हर्ष ॥

सेतीको त्यो विमल जलमा बग्छ पीयूष-धार ।
स्रष्टाको यो अभिनव कला सृष्टिको उच्च सार ॥
वाराहीले सकलजनको गर्दछिन् नित्य रक्षा ।
पाऊ पर्ने मनुजहरूका पूर्ण हुन्छन् सदिच्छा ॥ (रेग्मी, २०६४, पृ. २३)

'पोखरा' शीर्षक कविताको यस कवितांशमा मूलतः पोखराको भौगोलिक अवस्था र अंशतः धार्मिक स्थलको चित्रण गरिएको छ । पोखरालाई सबैभन्दा बढी चिनाउने र सौन्दर्य झल्काउने हिमालको आकर्षक वर्णन यहाँ गरिएको छ । सधैँ टल्किरहने हिमालको चमक र त्यसको शोभाले सुसज्जित पोखरा दैवी शोभा नै हो भन्ने भाव यहाँ प्रस्तुत भएको देखिन्छ । त्यस्तै सेती नदीको सौन्दर्य पनि यसमा वर्णित छ । वाराही मन्दिरको चर्चाबाट यसमा धार्मिक स्थलप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । प्रकृतिको चित्रण रेग्मीका प्राय कवितामा अभिव्यक्त भएको देखिन्छ । *अन्तरङ्गका तरङ्गहरू* सङ्गहभित्रका 'प्रभातीय लाली', 'कालीगण्डकी', 'हे सेती ! किन भासियौ ?', 'जल्जला मेरो लेक', 'हिमाल', 'मेरो देश मेरो गौरव', 'प्रकृतिशोभा'लगायतका कवितामा प्रकृतिका विविध पक्षको चित्रण पाइन्छ । रेग्मीको दोस्रो कवितासङ्ग्रह *चारुचित्र*मा पनि प्रकृतिको चित्रणमार्फत देशप्रेमको भाव व्यक्त गरिएको देखिन्छ :

आमा यो दिव्य संसार देखी आनन्दमग्न छु ।
तिम्रै अद्भुत लावण्यभित्र आफै हराउँछु ॥१॥
मनमा तर्कना गर्छु देखेर दिव्य माधुरी ।
अहो फेरि विधाताले रचे कि ! अमरापुरी ॥२॥

स्वर्ग वा पृथिवी के हो कहिले पर्छु अल्मल ।
भित्री नयनले हेर्दा तिम्रै रूप छ झल्मल ॥३॥
सृष्टिको यो चमत्कार सदैव मधुमास छ ।
तिम्रै सौन्दर्य देखेर मानौँ स्वर्ग लजाउँछ ॥४॥ (रेग्मी, २०६७, पृ ३)

'मेरो देश' शीर्षक कविताको प्रस्तुत कवितांशले नेपालको सुन्दरताको भावुक अभिव्यक्ति दिएको छ । विधाताले अर्को स्वर्ग रचे कि भनी पुराणमा वर्णित स्वर्ग जस्तै देश सुन्दर छ भन्ने भाव यहाँ प्रकट भएको देखिन्छ । तेस्रो र चौथो श्लोकमा अझ अगाडि बढेर नेपालको सौन्दर्य देखेर स्वर्ग नै

लजाउँछ होला भनी अतिशयोक्तिमूलक कथन व्यक्त गरिएको छ । यस्तो प्रस्तुति देशप्रेमले हुरूक्क हुने स्रष्टाले नै व्यक्त गर्न सक्ने भएकाले यसबाट देशप्रेमको भावात्मक रूप प्रस्तुत भएको देखिन्छ । यसबाहेक 'म', 'धवलागिरि', 'चारूचित्र', जस्ता कवितामा पनि प्रकृतिको चित्रण गरिएको पाइन्छ । रेग्मीको तेस्रो कवितासङ्ग्रह *अन्तर्नाद*मा पनि प्रकृतिको चित्रणमार्फत देशप्रेमको भाव अभिव्यक्त गरिएको पाइन्छ :

तराइमा विस्तृत ऊर्वरा धरा
पहाडमा सुन्दरता हराभरा ।
हिमालमा उन्नत हैम टाकुरा
नेपाल हुन् विश्वविमोहिनी धरा ॥१॥

गरेर कल्लोल कला रमाइला
बग्छन् सुधातुल्य नदी सुशीतला ।
छन् पावनी यी जगमै सुमङ्गला
नेपाल हुन् विश्वविमोहिनी धरा ॥२॥ (रेग्मी, २०७६, पृ. ७) । 'विश्वविमोहिनी धरा' शीर्षक कविताको यस कवितांशमा नेपालका भौगोलिक विशेषताको चर्चा गर्दै त्यसको सौन्दर्य वर्णन गरिएको छ । खासगरी तराईको उर्वराशक्ति, पहाडको सुन्दरता, हिमालका उच्च टाकुरा उल्लेख गर्दै तिनले विश्वलाई नै मोहनी लगाउन सक्छन् भन्ने भाव यहाँ अभिव्यक्त भएको छ । त्यस्तै नेपालका नदीमा उठ्ने पानीको तरङ्गलाई उल्लेख गर्दै नेपालका नदीहरूमा शीतल अमृततुल्य पानी बहने र तिनको धार्मिक पावनताले सबैको मन हर्ने भाव पनि यहाँ अभिव्यक्त भएको छ । *अन्तर्नाद* सङ्ग्रहका 'म र मेरो देश', 'अचम्म', 'भो छाड त्यो आसन', 'असार', 'कालीको तट', 'मुक्तिनाथ', 'दिव्यताको सुवास' जस्ता कवितामा पनि प्रकृतिको चित्रणमार्फत देशप्रेमको भाव अभिव्यक्त भएको देखिन्छ । कवि रेग्मीको खण्डकाव्य *धवलागिरि* पनि प्रकृतिको चित्रणमा निकै बलियो देखिएको छ । खासगरी धवलागिरि अञ्चललाई केन्द्रमा राखेर त्यहाँको भौगोलिक सुन्दरताको वर्णन यसमा गरिएको पाइन्छ :

छैन संसारमा अर्को यस्तै बिघ्न मनोहर ।
जता हेऱ्यो उतै राम्रो नराम्रो भन के छ र ?

जस्तै सुन्दर यो नाम त्यस्तै धवल कीर्ति छ ।
यही धौलागिरिभित्र हाम्रो अनन्त प्रीति छ ॥

यो कर्मभूमि हो हाम्रो हामी सत्कर्म गर्दछौँ ।
यो देवभूमि हो हाम्रो श्रद्धा विश्वास गर्दछौँ ॥

यसैमा जन्मियौँ हामी पायौँ सुन्दर जीवन ।
यसैको काखमा गर्छौँ प्राणभेटी समर्पण ॥

हीराझैँ टल्किएका छन् यी उन्नत हिमालय ।

प्यारो नेपालको शोभा बढाई महिमामय ॥

कतै पर्वतमाला छन् यी उन्नत हिमालय ।
प्यारो नेपालको शोभा बढाई महिमामय ॥

कतै छन् छहरा छाँगा मनै मुग्ध गराउने ।
कतै छन् पहरा लेक मनै कम्प गराउने ॥ (रेग्मी, २०७०, पृ. ३-४)

उपर्युक्त खण्डकाव्यांशमा मूलतः धवलागिरि अञ्चलमा केन्द्रित भएर त्यहाँको भूबनोटको सौन्दर्यको चित्रण गरिएको छ । हिमालको सौन्दर्य, उर्वर फाँट, पहाड र कन्दरा, छाँगा र छहरा, लेकजस्ता प्राकृतिक स्थलको चर्चा गर्दै त्यसबाट समग्र राष्ट्रको शोभा बढेको भाव यहाँ अभिव्यक्त भएको छ । भौगोलिक दृष्टिले मात्र नभई धार्मिक आस्थाका कोणबाट पनि धवलागिरि पवित्र र महत्त्वपूर्ण छ भन्ने दृष्टिकोण उपर्युक्त काव्यांशमा प्रस्तुत भएको देखिन्छ । यसबाहेक खण्डकाव्यका विभिन्न उपशीर्षकहरूमा कालीगण्डकी, मुक्तिनाथ, गलेश्वरधामलगायत अन्य प्राकृतिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण स्थानको कलात्मक प्रस्तुति आएको देखिन्छ ।

प्रकृतिको चित्रणका कोणबाट *श्री श्रीधराचार्य* खण्डकाव्य केही कमजोर देखिन्छ । यद्यपि यसमा पनि खण्डकाव्यका नायक श्रधिराचार्यको जन्म तथा कर्मस्थलको चर्चा गर्ने सन्दर्भको प्रकृतिको सुन्दरता देखाउँदै महिमा पनि गाइएको छ । तसर्थ प्रकृतिचित्रण कवि जगन्नाथ रेग्मीको मुख्य रूचिक्षेत्र बनेको र त्यसबाट देशप्रेमको भाव प्रकट भएको तथ्य माथिको विमर्शले प्रस्ट देखाएको छ ।

**देशनिर्माणका लागि आह्वान, अभिलाषा तथा प्रतिबद्धता**

देशप्रेम अभिव्यक्त गर्ने महत्त्वपूर्ण दोस्रो आधार देशनिर्माणका लागि आह्वान, अभिलाषा तथा प्रतिबद्धता हो । देशलाई भौतिक तथा आध्यात्मिक रूपमा उन्नत गराउनका लागि निर्माणमा जुट्न विभिन्न तह र तप्काका नागरिकलाई कवितामार्फत आह्वान गरिन्छ । अरूलाई आह्वान गर्ने मात्र नभई आफूले पनि केही गर्ने इच्छा वा अभिलाषा राख्दै अठोट वा प्रतिबद्धता पनि कविहरूले व्यक्त गरेका हुन्छन् । अरू देशका सापेक्षमा आफ्नो देश कमजोर देखिएमा वा आफ्नो देशको कुनै क्षेत्रका सापेक्षमा अर्को क्षेत्र कमजोर देखिएमा यस्तो आह्वान, अभिलाषा तथा प्रतिबद्धता व्यक्त गर्दै देशप्रेम प्रकट गरेको देखिन्छ । कवि रेग्मीका पाँच वटै काव्यकृतिमा यस्तो आह्वान, अभिलाषा तथा प्रतिबद्धता अभिव्यक्त भएको देखिन्छ । साक्ष्यका रूपमा केही कवितांश यहाँ प्रस्तुत गरिएको छ :

जनताहरू के हेर्छौ ? के अझै चूपचाप छौ ?
देश वीभत्स भो हेर, किन हो रनभुल्ल छौ ?१॥
हामी उठ्नपरेको छ, धर्तीलाई उठाउन ।
हामी जाग्नपरेको छ देशलाई जगाउन ॥२॥
...
वक्रदृष्टि लगाएर नगरून् मानमञ्जन ।
बुद्धत्व प्राप्तिको भूमि नबनोस् समराङ्गण ॥१७॥
खेलेर चेतना दृष्टि गरौँ गम्भीर चिन्तन ।
हामी उठ्नपरेको छ देशलाई उठाउन ॥१८॥ (रेग्मी, २०६७, पृ. ३८-३९)

'हामी उठ्नपरेको छ' शीर्षक कविताको यस कवितांशमा द्वन्द्व तथा अन्य विविध कारणले देश वीभत्स बनेको स्थितिबाट देशलाई मुक्ति दिन आह्वान गरिएको छ । विगतमा भएका अनेक द्वन्द्वजन्य अवस्थालाई कवितांशले सङ्केत गरे पनि भर्खरै (२०८२/०५/२३-२४) भएको नवयुवाहरूको विद्रोहबाट परिवर्तनसँगै क्षतविक्षत बनेको देशलाई उठाउनुपरेको अवस्थासम्म यो सान्दर्भिक देखिएको छ । पटक पटक देशलाई रणमैदान नबनाई दीर्घ शान्तिका लागि नवनिर्माणको आवश्यकतातर्फ कवितांशले जोड दिएको देखिन्छ । त्यस्तै *चारुचित्र* सङ्ग्रहभित्रका 'युगसारथि', 'गणतन्त्र', 'विजयोल्लास', *अन्तर्नाद* सङ्ग्रहभित्रका 'मलाई साथ चाहियो', 'जागौँ जगाऔँ', 'जाग देवी महाकाली', 'आह्वान', 'चेतना', 'कर्णधार', 'गाउँ फर्केर आऊ', 'समय' तथा *धवलागिरि* खण्डकाव्यका केही श्लोकमा देशनिर्माणमा जुट्न आह्वान गरिएको छ । अझ 'कर्णधार' शीर्षक कवितामा व्यक्त आह्वानले भर्खरै भएको नवयुवाको विद्रोह जस्तै प्रकृतिको विद्रोहको आह्वान गरेको देखिन्छ । नवनिर्माणका लागि आह्वान जस्तै रेग्मीका कवितामा अभिलाषा पनि व्यक्त गरिएको छ :

पाऊँ तिम्रै बगैँचामा दस नङ्ग्रा खियाउन ।
पाऊँ कोमल काखैमा दुःखसुख बिसाउन ॥७॥
पाऊँ उन्मुक्त आनन्द डाँफे-जस्तै रमाउन ।
आफ्नै लय सुसेलेर मस्तभै गुन्गुनाउन ॥८॥
...
पाऊँ नेपालकै चित्र चित्तभित्र सजाउन ।
पाऊँ निर्भीक भै मैले शान्तिको गीत गाउन ॥११॥
म दिन्छु पहरा तिम्रो भै कर्तव्यपरायण ।
म तिम्रै छत्रछाँयामा नाँच्न पाऊँ विहङ्गम ॥१२॥ (रेग्मी, २०६७, पृ. ३-४)

'मेरो देश' शीर्षक कविताको उपर्युक्त कवितांशमा सुन्दर देशमा शान्तिपूर्वक बाँच्न पाऊँ भन्ने अभिलाषा व्यक्त भएको छ । देशलाई असहज अवस्था आए आफूले पहरा पनि दिन सक्ने भाव व्यक्त गर्दै निडर भएर शान्तिको गीत गाउन सकूँ भन्ने अभिलाषा यसमा राखिएको छ । यसले सुन्दर देश अझ सुन्दर र समृद्ध भएको हेर्न चाहेको भाव प्रकट गरेको देखिन्छ । यस्तै देशनिर्माणसँग जोडिएर विभिन्न अभिलाषा रेग्मीका थुप्रै कविता तथा खण्डकाव्यका श्लोकहरूमा प्रस्तुत भएका छन् । रेग्मीका कवितामा केवल अभिलाषा मात्र नभएर राष्ट्रनिर्माणका लागि प्रतिबद्धता पनि व्यक्त भएको देखिन्छ :

जो जन्मियो मर्न अवश्य पर्छ ।
फुले पनि सुन्दर फूल झर्छ ॥
परन्तु जन्मैं उपकार गर्न ।
यो देशको सुन्दर रूप फेर्न ॥
...
हड्डी सबै पर्वत-टाकुरा हुन् ।
सीमा बनेका दुई पाखुरा हुन् ॥
नसानसाबाट नदी बहन्छु ।
शरीर धर्ती सब सिञ्चिदिन्छु ॥ (रेग्मी, २०६४, पृ. १५-१६)

'मेरो देश मेरो गौरव' शीर्षक कविताको उपर्युक्त कवितांशले देशका लागि समर्पित हुने प्रतिबद्धता व्यक्त गरेको छ । सृष्टिमा सिर्जना भएका हरेक चिजको विनाश अवश्यमभावी रहेको दार्शनिक आड लिँदै देशको मुहार फेर्नकै लागि आफूले जन्म लिएको कविको अभिव्यक्ति रहेको छ । आफ्नो सामर्थ्यले भ्याएसम्म आफ्नो जीवन राष्ट्रका लागि अर्पण गरिदिने प्रतिबद्धतामार्फत यहाँ देशप्रेम आकर्षक रूपमा अभिव्यक्त भएको देखिन्छ । रेग्मीका तीन वटै कवितासङ्ग्रहका अन्य थुप्रै कविता तथा दुबै खण्डकाव्यमा यस्ता देशनिर्माणमा आफूलाई समर्पित गर्ने प्रतिबद्धताका काव्यात्मक अभिव्यक्ति प्रकट भएको देखिन्छ ।

**संस्कृतिको महिमागान**

कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिविम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिन्छ भनी नेपाली बृहत् शब्दकोशले चिनाएको छ । देशकाल सापेक्ष वैचारिक तथा परम्परागत धारणा र आचारविचार तथा रहनसहनका माध्यमले राष्ट्रको स्वरूप छुट्टिने मान्यता, चिन्तनलाई पनि संस्कृतिभित्रै कोशले परिभाषित गरेको छ । तसर्थ देश वा राष्ट्रको स्वरूप निर्धारण गर्ने परम्परित मान्यताहरूको परिष्कृत रूपको महिमागान गाउँदा स्वाभाविक रूपमा देशप्रेम प्रकट हुन पुग्दछ । सनातन संस्कृति नेपालको स्वरूप निर्धारण गर्ने एउटा मुख्य संस्कृति हो । खासगरी सनातन मान्यता अभिव्यक्त गर्ने वैदिक संस्कृति र त्यसअन्तर्गत विकास भएका विविध सांस्कृतिक पक्षको महिमागान रेग्मीका काव्यकृतिमा पाइन्छ । रेग्मीका कृतिमा मूलतः वैदिक/पौराणिक कालदेखि नै नेपाली संस्कृतिको महत्त्वपूर्ण माध्यम बनेको गण्डकी सभ्यताको यशोगान गाइएको छ :

आत्तिनन् दुःखमा कैल्यै मात्तिन्नन् सुखमा पनि ।
दया, सेवा र श्रद्धाका छँदैछन् धैर्यका धनी ॥

के हिमाली युवा जस्ता होलान् गन्धर्व किन्नर ।
छैनन् उत्ताउला त्यस्ता जस्ता छन् स्मर सुन्दर ॥

आफूभन्दा ठूलालाई गर्छन् सत्कार आदर ।
हुन्छ उमङ्ग, उत्साह परिश्रम सधैँभर ॥
...
जिन्दगी जिन्दगी जस्तै बन्छ समाजको ।
संस्कृति सभ्यता बोल्छ स्पष्टै कालीकिनारको ॥ (रेग्मी, २०७०, पृ. ३५-३६)

*धवलागिरि* खण्डकाव्यका उपर्युक्त श्लोकमा नेपाली संस्कृतिको महिमा गाइएको छ । सनातनी दार्शनिक भित्तीलाई आधार बनाउँदै नेपालीहरू दया, सेवा र श्रद्धाका धनी भएको विचार व्यक्त गरिएको छ । नेपालीहरू धैर्यवान् र परिश्रमी भएको साथै सभ्य समाजको निर्माणका लागि उद्यत रहेको भाव प्रस्तुत गर्दै त्यस्तो भाव कालीकिनारको संस्कृति र सभ्यता भएको विचार कवितांशमा व्यक्त गरिएको छ । यसले सनातनदेखि चलिआएको नेपाली संस्कृतिको महिमागानमार्फत देशप्रेमको भाव अभिव्यक्त गरेको देखिन्छ । रेग्मीका 'गलेश्वर दिव्यधाम', 'कदापि दास बन्दिन', 'म र मेरो देश',

'कालीको तट', 'मुक्तिनाथ' जस्ता कविता तथा *धवलागिरि* र *श्री श्रीधराचार्य* खण्डकाव्यका विभिन्न सन्दर्भमा संस्कृतिको महिमागानमार्फत देशप्रेमको भाव अभिव्यक्त गरिएको छ ।

**इतिहास तथा वैभवप्रति गर्व**

बितेका महत्त्वपूर्ण घटना तथा ऐश्वर्यप्रति गर्व अभिव्यक्त गरेर पनि देशप्रेम प्रकट गर्न सकिन्छ । खासगरी इतिहासमा आफ्नो देश जोगाउन तथा त्यसको विकास र विस्तारमा पुर्खाहरूले गरेका अविस्मरणीय योगदानको स्मरण गर्दै काव्य सिर्जना भएका देखिन्छन् । नेपालका सन्दर्भमा नेपाल राज्य एकीकरण, नेपाल–अङ्ग्रेज–युद्ध, नेपाल–भोट–युद्ध, प्रथम तथा द्वितीय विश्वयुद्धमा नेपाली सिपाहीको साहसी लडाइँ जस्ता सन्दर्भलाई जोड्दै इतिहासप्रति गर्व प्रस्तुत गरेका काव्य प्रशस्तै देखिन्छन् । यस्तो प्रस्तुतिले वर्तमान पुस्ताले आफ्ना पुर्खाप्रति गर्व गर्दै आफ्नो माटो जोगाउनुपर्ने प्रेरणा प्राप्त गर्दछन् । साथै इतिहासमा विभिन्न कला प्रस्तुत गर्दै निर्माण गरिएका मठमन्दिर तथा भव्य भौतिक संरचना, ऐश्वर्य र प्राकृतिक वैभवको वर्णनबाट पनि समृद्धशाली बन्ने सपना र प्रेरणा वर्तमान पुस्तालाई प्राप्त हुन्छ । तसर्थ इतिहास तथा वैभवप्रति गर्व प्रस्तुत गर्दा त्यसबाट देशप्रेम नै प्रकट भएको देखिन्छ । कवि रेग्मीका काव्यकृतिमा यस्ता सन्दर्भहरू प्रस्तुत भएका देखिन्छन् । साक्ष्यका रूपमा केही कवितांश यहाँ प्रस्तुत गरिएको छ :

धावा बोल्ने म गोर्खाली अन्यायका विरूद्धमा ।
अभिमन्यू म तेजस्वी होमिन्छु चक्रव्यूहमा ॥११॥
क्रान्तदर्शी म ओजस्वी, म प्राज्ञ अजरामर ।
समृद्ध युगको शक्ति, म कर्मठ महत्तर ॥१२॥

ममा अजस्र आस्थाको छँदै छ सत्यको बल ।
छाती गौरवले फुल्छ इतिहास छ मङ्गल ॥१३॥
म तीनकोटी थुङ्गाको माला अम्लान सुन्दर ।
म सार्वभौम नेपाल फैलिएको चराचर ॥१४॥ (रेग्मी २०६७, पृ. ७)

'म' शीर्षक कविताको उपर्युक्त कवितांशमा इतिहासमा 'गोर्खाली' जाति भन्ने बित्तिकै वीर र साहसी भन्ने पहिचान बनिसकेको सन्दर्भलाई प्रस्तुत गर्दै वीरताको भाव व्यक्त गरिएको छ । नेपालले विगतमा लडेका अनेक युद्धमा देखाएको वीरता विश्वप्रशिद्ध रहेको छ । इमानदार भई आफूलाई दिइएको जिम्मेवारी पूरा गर्ने जातिका रूपमा पनि गोर्खालीको ख्याती छ । इतिहासमा बनाएको यस्तो ख्यातीको गौरवगान गाउँदै आवश्यक परे होमिन तयार रहेको भावार्थबाट देशप्रेमको भाव यहाँ अभिव्यक्त भएको देखिन्छ । त्यस्तै रेग्मीका कवितामा प्राकृतिक तथा सांस्कृतिक वैभवप्रति गर्वको प्रस्तुतिमार्फत देशप्रेमको भाव अभिव्यक्त गरिएको छ :

यहीँ मनीषीहरूका तपस्थली
संसारकै दुर्लभ वन्य औषधि
वनै वनैका अति रम्य मेखला
नेपाल हुन् विश्वविमोहिनी धरा ॥३॥

भूगर्वका रत्न अनन्त सम्पदा
छन् पूर्ण यी वैभवले सदा सदा ।
विभिन्न छन् धर्म कला परम्परा
नेपाल हुन् विश्वविमोहिनी धरा ॥४॥ (रेग्मी, २०७६, पृ. ७) । 'विश्वविमोहिनी धरा' शीर्षक कविताको उपर्युक्त कवितांशमा मूलतः प्राकृतिक र सांस्कृतिक वैभवको कलात्मक प्रस्तुति पाइन्छ । नेपाललाई मनीषीहरूको तीर्थस्थलका रूपमा प्रस्तुत गर्दै औषधीय गुणले युक्त वन्यसम्पदाको यशोगान यहाँ गाइएको छ । त्यस्तै विभिन्न धर्म र कलाले नेपाल सुसज्जित छ भन्ने विचार व्यक्त गर्दै देशप्रेमको भाव प्रकट गरेको देखिन्छ । रेग्मीका 'म बाँचू मेरै प्रिय देशनिम्ति', 'हिमाल', 'युवालाई आह्वान', 'कदापि दास बन्दिन', 'म', 'म भाग्यमानी', 'म र मेरो देश' आदि कविता तथा दुबै खण्डकाव्यका विभिन्न सन्दर्भमा इतिहास र वैभवप्रति गर्व व्यक्त गर्दै देशप्रेमको भाव व्यक्त गरिएको छ ।

**विकृतिको चित्रणबाट समाज सुधारको अपेक्षा**

विभिन्न क्षेत्रमा देखिएका अनेक विकृतिको चित्रणबाट पनि देशप्रेम प्रकट गरिएको हुन्छ । सुधारका लागि आदर्शवादी आग्रह राखेर वा नराखीकनै व्यङ्ग्यात्मक रूपमा त्यस्ता रचना सिर्जना गरिएका हुन्छन् । सामाजिक तथा अन्य क्षेत्रमा सङ्गति भत्किएर पैदा भएको विकृतिको चित्रणको मूल आशय त्यसमा सुधारको अपेक्षा हो । विकृतिबाट निस्कँदै संस्कृति वा समृद्धि चाहनु देशप्रेमकै एक रूप हो । रेग्मीका काव्यकृतिमा नेपाली समाजका विविध विकृतिको चित्रण गर्दै त्यसको सुधारको अपेक्षा प्रकट गरिएको छ । साक्ष्यका रूपमा केही कवितांश यहाँ प्रस्तुत गरिएको छ :

गरी भाषणको खेती बढायौं गफ-संस्कृति ।
हुँदैन कसले भन्छ देशको नव उन्नति ?३॥
नेपाल बन्द पारेर बजारीकन पाखुरा ।
गर्छौं निर्भयका साथ दिगो विकासका कुरा ॥४॥

टक्रयायौं जनतालाई मीठा आकाशका फल ।
राष्ट्रको कर बाँडेर बनायौं भव्य मञ्जिल ॥५॥
कल्पनामा सजाएर राष्ट्र उत्थानका कुरा ।
गऱ्यौं अमोघ सङ्कल्प पिई उन्मादको सुरा ॥६॥ (रेग्मी, २०६७, पृ. ५०)

'देशको नव उन्नति' शीर्षक कविताको उपर्युक्त कवितांशमा राजनीतिक क्षेत्रमा देखिने विकृतिको व्यङ्ग्यात्मक चित्रण गरिएको छ । नेताहरूको भाषणमुखी चरित्र तथा आफ्ना माग पूर्तिका लागि नेपाल बन्द गर्ने जस्ता कुकृत्यप्रति यहाँ व्यङ्ग्य प्रहार गरिएको छ । जनतालाई आश्वासन मात्रै बाँड्ने तथा आफूहरूले भ्रष्टाचार गरी भव्य महल खडा गर्ने नेताहरूको दोगला चरित्रका कारण देश जर्जर बनेको अवस्थाको व्यङ्ग्यात्मक प्रस्तुति यसमा देखिन्छ । यस्तो व्यङ्ग्यमार्फत त्यस्ता दुष्ट चरित्रको पतन भई सभ्य र समृद्ध नेपाल बनोस् भन्ने चाहना ध्वन्यात्मक रूपमा प्रस्तुत भएकाले यसबाट देशप्रेमको भाव नै अभिव्यक्त भएको देखिन्छ । रेग्मीका 'किन ?' 'पैसा', 'देश नै बरबाद भो', 'युगीन सभ्यता', 'के हुन्छ यो देशमा', 'म हराएँ कता-कता', 'हासौं कसोरी भन ?', 'जमाना फेरियो भन्छन्', 'मलाई साथ चाहियो', 'हल्लै हल्ला', 'सिंहदरबार', 'लाज लाग्दछ' आदि कविता तथा

*धवलागिरि* खण्डकाव्यका विभिन्न सन्दर्भमा विविध विकृतिको चित्रण गर्दै त्यसमा सुधारको अपेक्षा राखेर देशप्रेमको भाव अभिव्यक्त गरिएको छ ।

**सहअस्तित्वको भावना**

नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले युक्त देश हो । प्राचीन समयदेखि नै यसले आफ्नो त्यो विशेषतालाई सहिष्णु भावले जोगाई आइरहेको छ । वेला वेलामा विभिन्न नाममा नेपालको 'बहु' रूपको विशेषतालाई भग्न गर्न खोज्ने असहिष्णु घटना देखिए पनि यसको मूलभूत चरित्र सहिष्णु नै हो । त्यो सहिष्णुता कायम राख्न काव्यकृतिहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । बहुजातीय-धार्मिक-सांस्कृतिक-भाषिक पक्षको चित्रण गर्दै तीबिचमा एकताको सञ्चार गर्नमा इतिहासदेखि नै काव्यको योगदान उच्चकोटिको रहेको छ । बहुलताभित्र एकता भनेको नै सहअस्तित्वको भावना हो । सबैले एकअर्काको सम्मानपूर्वक अस्तित्व रक्षा गर्दै आफ्ना गतिविधि गर्नु नेपाली चरित्र हो र त्यसको चित्रण गर्नु वा त्यस्तो भइरहोस् भन्ने चाहना व्यक्त गर्नु देशप्रेमको उन्नत रूप हो । रेग्मीका काव्यकृतिमा सहअस्तित्वको भावना प्रबल रूपमा प्रस्तुत भएको देखिन्छ । साक्ष्यका रूपमा केही कवितांश यहाँ प्रस्तुत गरिएको छ :

भाषा भेष सयौं किन्तु भावना भाव एक होस् ।
नेपालीपनको आफ्नै ममता भुटुभित्र होस् ॥१॥

हिमाली भेगको होस् या, या पहाडी तराइको ।
किन्तु आगन होस् यौटै को आफन्त पराइको ॥२॥

स्तूप हुन् अथवा चैत्य मठ मन्दिर आश्रम ।
दया शान्ति अहिंसाको मिलोस् मधुर सङ्गम ॥३॥

फैलियोस् चेतना एकै एकै उद्देश्य केवल ।
परोपकार सेवाको उदात्त भाव निर्मल ॥४॥ (रेग्मी, २०७६, पृ. ४२)

'जनताको निवेदन' शीर्षक कविताको उपर्युक्त कवितांशमा नेपालको बहुभाषिक, क्षेत्रीय तथा बहुधार्मिक विशेषतालाई प्रस्तुत गर्दै सहअस्तित्वको भाव प्रकट गरिएको छ । सयौँ भाषा बोल्ने तथा अनेक भेगमा बस्ने अनेक धर्मावलम्बी भए पनि सबैको साझा आँगन नेपाल होस् भन्ने कामना कवितांशमा प्रस्तुत गरिएको छ । बहुलताले विग्रह होइन बरू परोपकारको भावना विकास गर्छ भन्दै दया, शान्ति र अहिंसाको मधुर सङ्गमको कामना यहाँ अभिव्यक्त भएको छ । रेग्मीका 'युवालाई आह्वान', 'लड्दछौँ व्यर्थ हामी', 'कदापि दास बन्दिन', 'हामी उठ्नपरेको छ', 'नयाँ नेपाल', 'विजयोल्लास', 'छिमेकी मित्र' आदि कविता तथा *धवलागिरि* खण्डकाकव्यका विविध सन्दर्भमा सहअस्तित्वको प्रस्तुतिमार्फत देशप्रेमको भाव अभिव्यक्त गरिएको छ ।

**महत् व्यक्तिको चित्रण**

देशका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका व्यक्तिको चित्रण नै महत् व्यक्तिको चित्रण हो । कुनै व्यक्तिलाई महत् बनाउन उसले गरेका कार्य, उसका विचार र योगदानको अहम् भूमिका हुन्छ । त्यस्तो भूमिका सार्वभौम पनि हुन सक्छ तर मूलतः समाज तथा देश सापेक्ष बढी देखिएको

छ । तसर्थ कुनै पनि रूपले देशनिर्माणमा योगदान दिएका दिवङ्गत तथा जीवित व्यक्तिको महिमागानबाट पनि देशप्रेमकै भाव उद्घाटित भएको देखिन्छ । कवि रेग्मीका काव्यकृतिमा केही महत् व्यक्तिको चित्रण पाइन्छ । साक्ष्यका रूपमा केही कवितांश यहाँ प्रस्तुत गरिएको छ :

साह्रै शालीन देखिन्छौ गर्छौ उत्साहका कुरा ।
अर्काका निम्ति बाँच्नु नै बाँच्नु हो भन्दछौ पूरा ॥१॥
सधैं समान हो भन्छौ सुख औ दुःखको क्षण ।
छन् महावीरमा जस्तै तिमीमा पूर्ण लक्षण ॥२॥

जे जे बोल्छौ उती काम उतार्छौ व्यवहारमा ।
दृढ उत्साह देखिन्छ तेजस्वी अनुहारमा ॥३॥
भन्दछौ कर्मयोगीको श्रम नै पहिलो धन ।
यसै-भित्र बुझेका छौ आदर्शमय जीवन ॥४॥ (रेग्मी, २०६७, पृ. ५७)

'महावीर पुनलाई देख्दा....' शीर्षक कविताको उपर्युक्त कवितांशले वैज्ञानिक महावीर पुनका बारेमा आकर्षक चित्र प्रस्तुत गरेको छ । जैन धर्मका संस्थापक 'महावीर' जस्ता महात्मासँग तुल्य ठान्दै पुनको सरल, परिश्रमी र इमानदार चरित्रको चित्रण यसमा गरिएको छ । बोलेअनुसारको काम गर्ने कर्मयोगी र सदा काममा दत्तचित्त रहने उत्साही व्यक्तिका रूपमा उनलाई चिनाइएको छ । पुनको चरित्र तथा रूप दुबैको सुन्दर वर्णन यसमा गरिएको छ । पुन वर्तमानसम्म सक्रिय रहँदै आविष्कार केन्द्रको विकासमा दत्तचित्त भई लागिरहेको अवस्थाले पहिले लेखिएका भए तापनि कविता आज पनि उत्तिकै सान्दर्भिक देखिएको छ । यस्ता प्रतिभाशाली व्यक्तिको चित्रणले युवाहरूमा उत्साह थप्ने भएकाले यसबाट देशनिर्माणमा ठुलो टेवा पुग्ने देखिन्छ । रेग्मीका 'लेखनाथ', 'संयुक्तक्रान्तिको भीष्म', 'महामानव', 'लोककवि' जस्ता कविता तथा *धवलागिरि* खण्डकाव्यमा विभिन्न महत् व्यक्तिको चित्रणमार्फत देशप्रेमको भाव व्यक्त गरिएको छ । *श्री श्रीधराचार्य* खण्डकाव्य त नेपाली समाजमा खासगरी शिक्षा तथा अध्यात्मका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने स्वामी श्रीधराचार्यलाई नै नायक बनाएर लेखिएको काव्य हो । यसर्थ रेग्मीका काव्यकृतिमा महत् व्यक्तिको चित्रणमार्फत देशप्रेमको भावनालाई बलियो गरी प्रस्तुत गरिएको छ भन्ने देखिन्छ ।

**सीमा रक्षा तथा बाह्य हस्तक्षेपको विरोध**

देश भनेको मूलतः निर्धारित भूगोग हो । निश्चित भूभागभित्र बस्ने जनताको सामूहिक भावनाले नै देश निर्माण भएको हुन्छ । त्यस्तो निश्चित भूभागको रक्षा गर्नु राज्यको प्रमुख दायित्व त हुन्छ नै हरेक देशबासीको पनि उत्तिकै भूमिका रहेको हुन्छ । नेपालका सन्दर्भमा मूलतः भारतसँग सीमाविवाद रहेको छ । भारतले वेला वेलामा सिमानामा जडान गरिएका पिल्लरलाई उखेल्ने तथा नेपाली जमिन मिचेर आफूखुसी पिल्लर गाड्ने गरेका घटनाहरू सार्वजनिक हुँदै आएका छन् । त्यस्तै देशको आन्तरिक राजनीतिमा हस्तक्षेपको भूमिकामा पनि भारतकै हात बढी हुने गरेका घटनाहरू सार्वजनिक भएका छन् । तसर्थ कविले सीमारक्षा तथा बाह्य हस्तक्षेपको विरोध गर्दा मूलतः भारत प्रत्यक्ष रूपमा जोडिन आउँछ । कवि रेग्मीका कवितामा पनि भारतीय हस्तक्षेप (सीमा तथा राजनीतिक) को विरोध गर्दै देशप्रेमी भाव अभिव्यक्त भएका छन् । साक्ष्यका रूपमा केही कवितांश यहाँ प्रस्तुत गरिएको छ :

रबाफ देखाइ नदेऊ धम्की
के गर्व गर्छौ भन भूमि चिम्टी ।
नपार है हिर्दयलाई मैलो
म भन्छु सम्बन्ध बनोस् सुनौलो ॥८॥

झुक्दैन कैल्यै पनि यो हिमाल
सानै भए तापनि यो विशाल ।
बिना कुनै कारण शक्ति, जोश
देखाउँदै छौ गर धेर होश ॥९॥

नेपाललाई नबनाऊ दैया
म गर्छु बिन्ती सुन फेरि भैया ।
मलाई कम्जोर भनी नठान
हूँ कालको काल म यति जान ॥१०॥ (रेग्मी, २०६७, पृ. ३२-३३)

'मित्रराष्ट्र भारतसँग' शीर्षक कविताको यस कवितांशले भारतीय हस्तक्षेपप्रति कडा विरोध प्रस्तुत गरेको छ । नेपालको भूमि मिचेर हैकम जमाउने प्रवृत्तिले सम्बन्ध खराब हुने भएकाले सुनौलो सम्बन्ध बनाइराख्नका लागि हृदय सफा राख भन्ने अनुरोध यसमा व्यक्त गरिएको छ । यदि त्यस्तो हुन नसकेमा सानै भए पनि कालको पनि काल बन्ने चेतावनी कवितांशमा अभिव्यक्त भएको छ । रेग्मीका अन्य 'हामी उठ्नपरेको छ', 'नयाँ नेपाल', 'भो छाड त्यो आसन', 'चेतना', 'छिमेकी मित्र' जस्ता कवितामा सीमारक्षा तथा बाह्य हस्तक्षेपको विरोधमार्फत देशप्रेमको भाव अभिव्यक्त गरिएको छ ।

## निष्कर्ष

जगन्नाथ रेग्मी शास्त्रीयतावादी कवि हुन् । शास्त्रीयतावादी कविको स्वरगत मूल प्रवृत्ति देशप्रेमको भाव अभिव्यक्त गर्नु हो । देशप्रेम अभिव्यक्त गर्ने विभिन्न तरिकाहरू हुन्छन् । रेग्मीका काव्यकृतिको विमर्शबाट प्रकृतिचित्रण, देशनिर्माणका लागि आह्वान, अभिलाषा तथा प्रतिबद्धता, संस्कृतिको महिमागान, इतिहास र वैभवप्रति गर्व, विकृतिको चित्रणबाट समाजसुधारको अपेक्षा, सहअस्तित्वको भावना, महत् व्यक्तिको चित्रण, सीमारक्षा तथा बाह्य हस्तक्षेपको विरोधमार्फत देशप्रेम अभिव्यक्त भएको देखिन्छ । प्रकृतिको सौन्दर्य तथा धार्मिक/सांस्कृतिक महत्त्वका साथै उपयोगिताका व्यापक सन्दर्भबाट चित्रण गरिएको छ । त्यसले देशको सुनाम फैलाएको तथा समृद्धिका लागि उपयोग गर्न सकिने आधार प्रस्तुत गरेकाले देशप्रेमको भाव नै प्रकृतिचित्रणको मूल आधार बनेको देखिन्छ । त्यस्तै देशनिर्माणका लागि प्रत्यक्ष आह्वान, देशनिर्माणको अभिलाषा तथा 'म गर्छु' भन्ने प्रतिबद्धताको भावप्रेषित थुप्रै कविता तथा खण्डकाव्यांशले प्रत्यक्ष रूपमा देशप्रेमको गहन भाव अभिव्यक्त गरेका छन् । सनातन संस्कृति तथा नेपालभित्रका अन्य संस्कृतिको महिमागान र इतिहास तथा वैभवप्रतिको गर्व अभिव्यक्त गर्ने थुप्रै कविता र खण्डकाव्यांशले आम जनतामा देशप्रेमको भाव सञ्चार गर्न मद्दत गरेका छन् । विकृतिको चित्रणमार्फत त्यसको अन्त्य वा सुधारको

चाहना भएका कविता र खण्डकाव्यांशले प्रत्यक्ष रूपमा समृद्ध नेपालको आकाङ्क्षालाई उद्घाटित गरेका छन् । एकापसमा मिलेर बस्नुपर्छ भन्ने सहअस्तित्वको भाव तथा महत् व्यक्तिको महिमागान गरिएका कविताबाट गौरवबोधको भाव सञ्चारित हुन गई देशप्रति श्रद्धा निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यस्तै बाह्य हस्तक्षेपको विरोध तथा सीमारक्षा गर्नमा हामी बलिदानी भावले लाग्नुपर्छ भन्ने विचारयुक्त कविताले प्रत्यक्ष रूपमा देशप्रेमलाई प्रकट गरेका छन् । यसरी समग्रमा रेग्मीका तीन कवितासङ्ग्रह र दुई खण्डकाव्यका सन्दर्भवश आएका थुप्रै खण्डकाव्यांशले देशप्रेमको स्वरलाई अनेक तरिकाबाट मूल स्वर बनाएको प्रस्ट देखिन आएको छ ।

वर्तमान समयमा नेपाली नवयुवाको विद्रोहले सिर्जित परिवेशका कारण देशप्रेमको भाव प्रस्तुत गर्ने सामग्रीको चर्चा आवश्यक देखिएको छ र यो यस शोधलेखको एक उपादेयता पनि बनेको छ । यस शोधका सन्दर्भमा गरिएको अध्ययनबाट रेग्मीका काव्यकृतिमा अलङ्कार, रस, छन्द व्यवस्थापन जस्ता कोणबाट थप अध्ययन गर्न सकिने देखिएको छ ।

## सन्दर्भकृति सूची


अधिकारी, टीकाराम (२०७०), 'धवलागिरि' खण्डकाव्यको रससम्पदामा लहरिँदा मानस छचल्कन्छ, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *धवलागिरि*, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

अर्याल, गोकर्ण (२०७८) *साहित्यकार जगन्नाथ रेग्मी र उनको श्री श्रीधराचार्य खण्डकाव्यको अध्ययन*, (अप्रकाशित स्नातक शोधपत्र), नेपाल संस्कृत विश्वविद्यालय ।

खड्का, सूर्य बिखर्ची (२०७२, मङ्सिर ५) कवि जगन्नाथ रेग्मीको 'धवलागिरि' काव्यरसको मधुमाधुरी, *आदर्श समाज*, पृ. २ ।

घिमिरे, माधव (२०६४), कविता रचना गर्नु जीवन रचना गर्नुजस्तै हो, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *अन्तरङ्गका तरङ्गहरू*, लेखनाथ साहित्य प्रतिष्ठान ।

घिमिरे, माधव (२०६७), फुलूँ फुलूँ लाग्दछ फूलजस्तै, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *चारूचित्र*, अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान ।

घिमिरे, माधव (२०७६), छन्द कविताका आशा लाग्दा प्रतिभा, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *अन्तर्नाद*, अमृता शर्मा ।

ढकाल, वेणीमाधव (२०६७), अमन्द आनन्दको अनुभूति, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *चारूचित्र*, अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान ।

निरौला, यज्ञश्वर (सन् २०२१), जगत् उपाध्याय 'प्रेक्षित'का कवितामा राष्ट्रप्रेम, *कङ्निसन*, ३(१), १७७–१८८, https://doi.org/10.3126/cognition.v3i1.55679

निरौला, यज्ञश्वर (सन् २०२४), कवि निर्मोही व्यासका कवितामा राष्ट्रबोध, *अध्ययन जर्नल*, ११(११), ११२–१२२, https://doi.org/10.3126/aj.v11i11.67102

पराजुली, ठाकुर (२०७०), मन्तव्य, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *धवलागिरि*, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०७०), प्रकाशकीय, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *धवलागिरि*, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौड्याल, षडानन्द (२०७६), *धवलागिरिको नेपाली साहित्य*, पर्वत साहित्य सङ्गम ।

पौडेल, सूर्यप्रसाद (२०७५) *जगन्नाथ रेग्मीको 'धवलागिरि' खण्डकाव्य : एक अध्ययन*, (अप्रकाशित स्नातक शोधपत्र), नेपाल संस्कृत विश्वविद्यालय ।

प्रश्रित, मोदनाथ (२०७०), जनमनमा चम्कोस् धवलागिरि, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक) *धवलागिरि*, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

भण्डारी, कृष्ण मुमुक्षु (२०७७), श्रीधराचार्य खण्डकाव्य : छोटो परिक्रमा, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *श्री श्रीधराचार्य*, श्रीधराचार्य फाउन्डेसन ।

मजगैँया, श्रीधर (२०७३), वैदिक संस्कृतिमा राष्ट्रवाद, *बाह्रखरी*, https://baahrakhari.com/detail/21392

मियाँ, हनिफ (२०६७), प्रकाशकको कलम, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक),*चारुचित्र*, अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान ।

रेग्मी, जगन्नाथ (२०६४), *अन्तरङ्गका तरङ्गहरू*, लेखनाथ साहित्य प्रतिष्ठान ।

रेग्मी, जगन्नाथ (२०६७), *चारुचित्र*, अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान ।

रेग्मी, जगन्नाथ (२०७०), *धवलागिरि*, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

रेग्मी, जगन्नाथ (२०७६), *अन्तर्नाद*, अमृता शर्मा ।

रेग्मी, जगन्नाथ (२०७७), *श्री श्रीधराचार्य*, श्रीधराचार्य फउन्डेसन ।

वियोगी, माधव (२०८१), *छिरलिएका दृष्टिकोणहरू*, माधव वियोगी वाङ्मय प्रतिष्ठान ।

सरूभक्त, (२०७६), अन्तर्नादको पक्षमा, (भूमिका खण्ड), जगन्नाथ रेग्मी (मूल लेखक), *अन्तर्नाद*, अमृता शर्मा ।

सुवेदी, श्रीधर (२०७३) *कवि जगन्नाथ रेग्मीको काव्यकारिताको अध्ययन*, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय ।